आज मिति २०७९।१२।२६ गतेका दिन विहान ९:३० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १४ औ बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

<u>तपशील</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | नगर प्रमुख | |
| २ | श्री जुना चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | शेर बहादुर बुढा | सचिव | |
| **अन्य उपस्थिति:** | | | |
| १ | माधव कुमार जैसी | अधिकृत छैठौं | |
| २. | प्रयाग राज खनाल | सचिवालय प्रमुख | |

**प्रस्ताव नं. १ समपुरक अनुदान र विशेष अनुदान योजना माग सम्बन्धमा।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रदेश सरकार सुदूरपश्चिम प्रदेशको सुदूरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७९ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि २०७९ मा व्यबस्था भए वमोजिम समपुरक अनुदान र विशेष अनुदानका आयोजनाको प्रस्ताव २०७९ पौष मसान्त भित्र प्रदेश नीति तथा योजना आयोगले प्रयोगमा ल्याएको विधुतीय (अनलाइन) प्रणाली मार्फत भरि सक्नु पर्ने भएकाले यस लम्कीचुहा नगरपालिकाबाट आगामि वर्ष २०८०।०८१ को लागि तपशीलका योजना तथा कार्यक्रम माग गर्ने भन्ने निर्णय पारित गरियो । साथै समपुरक अनुदानको रुपमा माग गरिएका आयोजनाहरुमा कार्यविधी वमोजिम नगरपालिकाबाट ५० पचास प्रतिशत रकम व्यहोर्ने निर्णय गरियो।

तपशील

| समपुरक अनुदान तर्फका योजना: | |
|---|---|
| क्र.सं. | योजनाको नाम |
| १ | लम्कीचुहा नगरपालिकामा रिङ्गरोड निर्माण |
| २ | लम्की बहुमुखी क्याम्पसमा छात्रावास निर्माण |
| ३ | लम्कीचुहा नगरपालिकामा सिटी हल तथा संग्रहालय निर्माण |
| विशेष अनुदान तर्फका योजना: | |
| १ | शैक्षिक सुधारका लागि पूर्वाधार एवम् प्रविधि विकास कार्यक्रम |
| २ | लम्कीचुहा (भल्का) अस्पतालस सुदृढीकरण तथा पूर्वाधार निर्माण |
| ३ | फोहोरमैला तथा छाडा पशु चौपाया व्यवस्थापन |
| ४ | विपन्न नागरिक स्वरोजगार कार्यक्रम |

**प्रस्ताव नं. २ ज्यालादारी र करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप र व्यवस्थापन सम्बन्धमा।**

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको कार्यालय र न.पा.अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रमा गत विगत देखि प्रक्रिया पुर्याई करार सेवामा कार्यरत कुल (२९) जना कर्मचारीहरुको मिति २०७९।१०।०१ गते देखि लागु हुने गरि मिति २०८० साल असार मसान्त सम्म सेवा करार म्याद थप गर्ने र गत विगतको कार्यपालिका बैठक र नगरसभाको निर्णय वमोजिम दैनिक ज्यालादारीबाट सोझै सेवा करार गरिएका कर्मचारीको हकमा मिति २०७९।१०।०१ गते देखि मिति २०७९ साल चैत्र मसान्त सम्म मात्र म्याद थप गरी नेपाल सरकारको आ.व. २०७९।०८० का स्वीकृत गरिएको तलव भत्ता वमोजिम तनव भत्ता उपलब्ध गराउने , २०८० साल बैशाख १ गते देखि दैनिक ज्यालादारीबाट सोझै सेवा करार गरिएका कर्मचारीको सेवा करार समझौता रद्द गर्ने र यदि नगरपालिका ,वडा कार्यालयमा कर्मचारीको आवश्यकता भएमा उक्त कर्मचारीहरुलाई

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

दैनिक ज्यालादारीमा कामकाजमा लगाउन सकिनेछ । साथै सेवा करारबाट हटाईएका कर्मचारीको हकमा आवश्यकताको आधारमा प्रक्रिया पुर्याई सेवा करारमा पदपुर्ति गर्ने निर्णय पारित गरियो । साथै यस लम्कीचुहा नगरपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा दैनिक ज्यालामा कामकाज गर्ने कर्मचारीहरुको समेत मिति २०७९ साल चैत्र मसान्त सम्म म्याद थप गरी नियमानुसार पारीश्रमिक उपलब्ध गराउने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ३ सडक खाली गर्ने सम्बन्धी सूचना प्रकाशन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका क्षेत्रभित्र पर्ने पूर्व–पश्चिम राजमार्ग, लम्की–टिकापुर राजमार्ग तथा नगरपालिका अन्तर्गतका विभिन्न वडामा पर्ने अन्य साना सडकहरुमा सडक क्षेत्राधिकारभित्र रहेको दायाँ बायाँका क्षेत्रमा अतिक्रमण गरि बनाइएका घर टहराहरु, अव्यवस्थित रुपमा गरेका पार्किङहरु, सडकमा थुपारिएका निर्माण सामाग्रीहरु तथा अन्य व्यापार व्यवसायहरु हटाउनका लागि सर्वपक्षिय बैठक पश्चात ७ दिनेको म्याद राखि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ प्रशासकीय भवन बाहिर ब्लक बिछ्याउनका लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको प्रशासकीय भवनको ढोका देखि भवनको परिधिको मुख्य गेटसम्मको बाटोमा ईन्टरलकिङ ब्लक बिछ्याउनका लागि ह्यूम पाईप खरिदका लागि विनियोजित रकममध्ये बोलपत्र पश्चात बाँकी रहन गएको रकम मध्येबाट उक्त कार्यका लागि रु. १० लाख रकम विनियोजन गरी योजना कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ५ नमुना विद्यालयको अनुदान रकम निकासा सम्बन्धमा ।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. २ मोतिपुरमा रहेको श्री राष्ट्रिय नमुना मा.वि. को नमुना विद्यालयको लागि विनियोजित गरिएको रकम रु. ८० लाख मध्ये विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको लागि विनियोजित गरिएको रकम रु. ३०,००,०००। तिस लाख एकमुष्ठ विद्यालयको खातामा निकासा दिने र नमुना विद्यालय सुधार गुरु योजना अनुरुप भौतिक निर्माण अनुदान रु. ५०,००,०००। पचास लाख मध्ये संघिय शसर्त अनुदान कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० वमोजिम प्रथम किस्ता रु. २५,००,०००। पच्चिस लाख उपलब्ध गराउने र बजेटको सहि कार्यान्वयनको जिम्मा विद्यालयलाई नै दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ गत विगत आ.व. को दायित्व रकम भूक्तानी गर्ने सम्बन्धमा ।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा गत विगत आ.व. मा संचालन भइ बिल भर्पाई ,लागत स्टीमेट ,मुल्यांकन ,कार्य सम्पन्न प्रतिवेदन लगायत आवश्यक कागजात भएको तर

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रकम अभावका कारण भुक्तानी गर्न बांकी रहेका योजना तथा कार्यक्रमहरुको यथेष्ठ प्रमाण भएमा मात्र तपशिल वमोजिम रकम आ.व. २०७९।०८० को स्वीकृत समपुरक कोषबाट भूक्तानी गर्ने निर्णय पारित गरियो।

**तपशील**

१. बचैला डमरिया खानेपानी आयोजनाको DPR वापतको रकम रु. १ लाख
२. लम्कीचुहा नगरपालिकाको प्रशासकीय भवनको परिधि निर्माण वापतको रकम रु. ३ लाख ३० हजार
३. लम्कीचुहा नगरपालिका वडा नं. ८ का विभिन्न स्थानमा ह्यूम पाईप व्यवस्थापन वापतको रु. २ लाख ६० हजार

**प्रस्ताव नं. ७ बजेट रकमान्तर गर्ने सम्बन्धमा।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको नवौँ नगरसभाबाट विनियोजित तपीशल अनुसारको रकमलाई देहाय बमोजिम रकमान्तर गर्ने निर्णय गरियो।

**तपशील**

१. लम्किचुहा नगरपालिका वडा नं. ३ मा चिताघाट निर्माणका लागि विनियोजित रकम रु. ५ लाखलाई रकमान्तर गरि कैलाशधाम तिर्थस्थलमा निर्माण भएको मन्दिरमा बुट्टा काट्ने कार्यक्रममा विनियोजित गर्ने
२. शिक्षा शाखा तर्फको कक्षा ९-१२ कस्टुमाईज्ड तालिमका लागि विनियोजित रकमलाई रकमान्तर गरि प्रा.वि. तथा वालविकास कस्टुमाईज्ड तालिम संचालन गर्ने

**प्रस्ताव नं. ८ नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना तर्फका योजनासंग म्याचिङ गरि योजना संचालन गर्ने सम्बन्धमा।**

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाद्वारा संचालन हुने तपशील अनुसारका योजना तथा कार्यक्रमका लागि नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गतको रकम मार्फत आ.व. २०७९।०८० को स्वीकृत समपुरक कोषबाट म्याचिङ गरि संचालन गर्ने निर्णय गरियो।

**तपशील**

१. उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं. ७ मा साझा सुविधा घर निर्माणका लागि विनियोजित रु. ५ लाखमा थप ५ लाख म्याचिङ मार्फत कुल रकम रु. १० कायम गरि संचालन गर्ने निर्णय गरियो।
२. श्री कृष्ण मा.वि. वडा नं. ६ मा शौचालय निर्माणका लागि रु. १ लाख ५० हजार म्याचिङ गर्ने निर्णय गरियो।
३. वडा नं. ५ मा रहेको सहज यूवा क्लवको अधुरो भवन निर्माणका लागि रू २ लाख २७ हजार रकम म्याचिङ गर्ने निर्णय गरियो।

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ९ रकम भुक्तानी गर्ने सम्बन्धमा।**

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयको माथिल्लो तलामा रहेको सभाहलमा मञ्च निर्माण गरेको तथा राजश्व शाखामा पार्टिसन गरे वापतको रकम प्राविधिकको लागत स्टीमेट ,मुल्यांकन , कार्य सम्पन्न प्रतिवेदन, बिल भर्पाई र अन्य आवश्यक कागजात वमोजिम हुन आउने रकम रु. २ लाख ५० हजार समपुरक कोषबाट भूक्तानी गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १० आर्थिक सहायता सम्बन्धमा।**

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा पेश हुन आएका निवेदन तथा माग बमोजिम तपशील अनुसारको आर्थिक सहायता रकम आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**तपशिल**

१. सामुदायिक रेडियो पश्चिम आवाजका कर्मचारी मदन शाहीको छोराको उपचारका लागि रु. १५ हजार
२. लम्कीचुहा नगरपालिका वडा नं. ५ निवासी हिरा बटाला रु. १५ हजार
३. लम्कीचुहा नगरपालिका वडा नं. ७ निवासी रामदिन चौधरी रु. १० हजार
४. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी सन्तोष टमट्टा रु. १५ हजार
५. नेपाल घरेलु तथा साना उद्योग महासंघको भित्तेपात्रो प्रकाशन रु. १० हजार
६. नेपाल राष्ट्रिय यूवा महासंघ रु. ५ हजार
७. प्रथम मुख्यमन्त्री जुनियर एण्ड खुला राष्ट्रिय फेन्सिङ प्रतियोगिता रु. २० हजार
८. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी दल बहादुर बुढा रु. १५ हजार
९. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी धर्मा कुमारी चन्द रु. १५ हजार
१०. लम्कीचुहा नगरपालिका वडा नं. १ निवासी हर्क बहादुर लामीछाने रु. १५ हजार
११. कैलाली जिल्ला क्रिकेट संघलाई रु. २० हजार

**प्रस्ताव नं. ११ जनप्रतिनिधिहरुको सामुहिक म्यादी बिमा सम्बन्धमा।**

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतका सम्पूर्ण जनप्रतिनिधिहरुको वार्षिक १० दश लाख सम्मको सामुहिक म्यादी बिमा गर्ने र सो को रकम पदाधिकारीहरुको सेवा सुविधा शिर्षकबाट उपलब्ध गराउने निर्णय पारित गरियो।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १२ समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीको सम्बन्धमा।**

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको मिति २०७९।१०।२० गतेको निर्णय बमोजिम लम्कीचुहा नगरपालिकामा ठेक्का मार्फत संचालनमा रहेका विभिन्न आयोजनाहरुको मिति २०८० साल जेष्ठ मसान्तसम्म म्याद थप गरिएकोमा, उक्त अवधीसम्म तोकिएको सम्बन्धित निर्माण व्यबसायीहरुले समझौता वमोजिमको कार्य सम्पन्न नगरेमा निजको कार्यसम्पादन बैङ्क जमानत जफत गरि कानून अनुसार कालो सूचीमा राख्नको लागि सम्बन्धित निकायमा सिफारीसका साथ प्रक्रिया अगाडी बढाउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १३ घ वर्गको इजाजत उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा पेश हुन आएका निवेदनहरुको प्राविधिक चेकजाँच तथा आवश्यक कागजातहरुको जाँच गर्दा "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम डि.एस. थापाकाजी निर्माण सेवा प्रा.लि. लाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १४ रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा गौरीगंगा नगरपालिकाको आयोजनामा २०८०।०१।१० गतेदेखि संचालन हुने गौरीगंगा मेयर कपमा लम्कीचुहा नगर फुटबल विकास समितिका तर्फबाट महिला र पुरुष तर्फको टिम समेत सहभागी हुने भएकोले उक्त प्रतियोगितामा सहभागिताका लागि लम्कीचुहा नगरपालिकाको तर्फबाट आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम विविध कार्यक्रम खर्च नगरपालिकास्तरिय (खर्च शिर्षक नं. २२५२९) बाट रु. २ लाख ५० हजार रुपैया उपलब्ध गराउने निर्णय गरियो, साथै कैलाली जिल्ला क्रिकेट संघको आयोजनामा संचालन हुने कैलाली प्रिमियर लिग टि २० क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनका लागि लम्कीचुहा क्रिकेट क्लवलाई रु. ७५ हजार रकम समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १५ कर्मचारी व्यवस्थापन सम्बन्धमा।**

निर्णय नं. १५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयमा र वडा नं. ३ व्यवस्थितनगरमा रहेको व्यवस्थितनगर आधारभुत स्वास्थ्य केन्द्रमा कामकाजको बोझ र आवश्यकतालाई मध्यनजर गर्दै लम्कीचुहा नगरपालिकाको कार्यालयमा नगर प्रमुखको सचिवालय हेर्ने गरि १ (एक) जना कम्प्यूटर अपरेटर र व्यवस्थितनगर आधारभुत स्वास्थ्य केन्द्रमा १ (एक) जना पारामेडिक्स सहायक चौथो तहको कर्मचारी आवश्यक रहेको हुँदा लम्कीचुहा नगरपालिका वडा नं.१ निवासी प्रयागराज खनाल र लम्कीचुहा नगरपालिका नं. ३ निवासी

लम्कीचुहा नगरपालिका नगर कार्यपालिका को कार्यालय भज्नी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

सरिता कुमारी थापालाई नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक दैनिक ज्यालामा भूक्तानी हुने गरि अर्को व्यवस्था नहुन्जेल सम्मका लागि कामकाजमा लगाउने निर्णय गरियो।

**प्रस्ताव नं. १६ रकम म्याचिङ गर्ने सम्बन्धमा।**

निर्णय नं. १६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको सामुदायिक रेडियो पश्चिम आवाजको भवन निर्माणका लागि नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना तर्फ रु. ७,५४,५२१ विनियोजन गरिएकोमा लागत अनुमान अनुसार कुल हुन आउने रकम रु. १३,२१,३९८ मा बाँकि हुन आउने रकम रु. ५,६६,८७७ मध्ये आ.व. २०७९।०८० को विनियोजनमा उल्लेख गरिएको सामुदायिक एफ.एम. लाई अनुदान कार्यक्रम अन्तर्गत विनियोजित रु. ३ लाखलाई शिर्षक परिवर्तन गरि सामुदायिक रेडियो भवन निर्माण कायम गरि थप रकम रु. २,६६,८७७ रकम आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रममा रहेको समपुरक कोषबाट म्याचिङ गरि सामुदायिक रेडियो भवन निर्माण योजना कार्यान्वयन गर्ने निर्णय गरियो साथै लम्कीचुहा नगरपालिका वडा नं. ६ स्थित पवित्र आराधना चर्चको पर्खाल र शौचालय निर्माणका लागि रु. २ लाख ४५ हजार र लम्कीचुहा नगरपालिका वडा नं. ४ मा निर्माण हुने थारु मरुवा देउ थान निर्माण बलियालाई समेत रू १,९१,५००।– म्याचिङका लागि समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १७ रकम म्याचिङ गर्ने सम्बन्धमा।**

निर्णय नं. १७ प्रस्ताव नं. १७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ७ मा नगर भल्मन्साको भवन निर्माणका लागि आ.व. २०७९।०८० मा विनियोजित रू. ६ लाख रकममध्ये रु. ३ लाख नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत वडा नं. ७ को वडा कार्यालयको भवनमा गेट निर्माणका लागि विनियोजित रु. ६ लाखमा म्याचिङ गर्ने साथै उक्त गेट निर्माणका लागि नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनाको विनियोजित रु. ६ लाखमध्ये ३ लाख नगर भल्मन्सा भवन निर्माणका लागि रकमान्तर गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १८ नगर विकास कोष मार्फत योजना माग गर्ने सम्बन्धमा।**

निर्णय नं. १८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा संचालन हुने गरि लम्किचुहा नगरपालिका क्षेत्रमा आवश्यक पूर्वाधार विकास गर्न नगर विकास कोष समक्ष तपशील अनुसारक योजना तथा कार्यक्रमहरु माग गर्ने निर्णय गरियो।

तपशील

१. बहुउदेश्यीय योजना अन्तर्गत लम्कीचुहा नगरपालिका वडा नं. ४ मा सभाहल, संग्रहालय, मिनि पार्क र कमर्सियल भवन निर्माण

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भक्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

२. लम्किचुहा नगरपालिका वडा नं. ३ मा कर्णाली पुल प्रबर्द्धन विकास कार्यक्रम

३. लम्कीचुहा नगरपालिका वडा नं. २ र ५ मा रहेको मोहल लाल नगर उद्यान निर्माण कार्यक्रम

४. लम्कीचुहा नगरपालिका वडा नं. १ मा रिताई ताल पर्यटकीय स्थल निर्माण

**प्रस्ताव नं. १९ टेक्निकल सेन्टर निर्माण गर्ने सम्बन्धमा।**

निर्णय नं. १९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा खेलकुदको पूर्वाधार विकास मार्फत यूवाहरुको क्षमता विकास गर्न कैलाली जिल्ला लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको करिब ५ बिगाहा जग्गा भएको थपालीपुर खेल मैदानमा टेक्निकल सेन्टर निर्माणका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २० रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. २० प्रस्ताव नं. २० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ३ मा रहेको श्री नेपाल राष्ट्रिय कर्णाली मा.वि. को फर्निचर खरिद गरे वापत हुन आउने रकम रु. २ लाख आ.व. २०७९।०८० को स्वीकृत समपुरक कोषबाट भूक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २१ रकमान्तर गर्ने सम्बन्धमा।**

निर्णय नं. २१ प्रस्ताव नं. २१ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ७ मा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत वडा कार्यालयको प्राङ्गण मर्मत तथा सम्भारका लागि विनियोजित रु. १० लाख रकममा म्याचिङ आवश्यक परेको र हाललाई म्याचिङ वापतको रकम उपलब्ध गराउन नसकिएकाले उक्त रकमलाई रकमान्तर गरि वडा कार्यालयभित्र गोलघर निर्माण तथा वडा कार्यालयको बाटोमा नाला निर्माणका लागि रकमान्तर गर्ने निर्णय गरियो, साथै लम्कीचुहा नगरपालिका वडा नं. १ बसपार्क सृजनाटोल बाटो निर्माण र थपालीपुर खेल ग्राम निर्माणका लागि विनियोजित १०/१० लाख रकम लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको बसपार्कमा ट्रस निर्माणका लागि रकमान्तर गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २२ रकम विनियोजित गर्ने सम्बन्धमा।**

निर्णय नं. २२ प्रस्ताव नं. २२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि १ थान शव बाहन र १ थान ~~स्कार्पियो~~ [जिप] खरिद गर्ने निर्णय बमोजिम उल्लेखित सवारी साधन खरिद गर्नक लागि स्पेसिफिकेसन र लागत अनुमान बमोजिमको रकम आ.व. २०७९।०८० को स्वीकृत कार्यक्रम अन्तर्गतको समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भत्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. २३ मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा।**

निर्णय नं. २३ प्रस्ताव नं. २३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा निर्माण गरिने कोल्ड स्टोरका लागि प्राविधीक शाखाबाट तयार पारिएको मापदण्ड स्वीकृत गर्ने र उक्त कोल्ड स्टोर निर्माणका लागि DPR तयार गर्नकालागि रु १० लाख नबढ्ने गरि कार्य सूचारू गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २४ योजनाको नाम परिवर्तन गर्ने सम्बन्धमा।**

निर्णय नं. २४ प्रस्ताव नं. २४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा सिटीहल निर्माणका लागि रकम विनियोजन गरिएकोमा उक्त योजना तथा कार्यक्रमको शिर्षक परिवर्तन गरि बहुउदेश्यीय हल निर्माण कायम गर्ने जस अन्तर्गत सभाहल, मिनिपार्क, संग्रहालय, र कमर्सियल भवन निर्माणका लागि आवश्यकता अनुसार माटो परिक्षण गरि प्राविधीक शाखाबाट तयार मापदण्ड स्वीकृत पश्चार पहिलो चरणमा रु. १० लाख नबढ्ने गरि DPR गरि कार्य सूचारु गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २५ योजना माग गर्ने सम्बन्धमा।**

निर्णय नं. २५ प्रस्ताव नं. २५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका क्षेत्रमा आवश्यक पर्ने विभिन्न पुर्वाधार निर्माणगरि समुन्नत तथा समृद्ध नगर निर्माण गर्नका लागि विभिन्न निकायमा तपशील अनुसारका योजना तथा कार्यक्रमहरु माग गरि सिफारिस गर्ने निर्णय गरियो।

**तपशील**

१. व्यवस्थितनगर क्रिकेट मैदानमा प्याराफिट निर्माण
२. लम्कीचुहा नगरपालिका वडा नं. २ मा रहेको लम्कीचुहा (भल्का) अस्पताल निर्माण
३. पञ्चकोशी भुरुवा अधुरो कभर्डहल निर्माण
४. लम्कीचुहा नगरपालिका वडा नं. ५ थापापुरमा नवकिरण विद्युत खेलमैदान निर्माण
५. लम्कीचुहा नगरपालिका वडा नं. १ मा संयुक्त दलित अभियान शहकारी भवन निर्माण र पर्खाल निर्माण
६. लम्कीचुहा नगरपालिकाका विभिन्न स्थानमा तटबन्धन निर्माण
७. वडा कार्यालय देखि नमुना विद्यालय हुँदै रामशरण ढकालको घरसम्म सडक कालोपत्रे
८. बघनिया रिङ्ग रोड सडक कालोपत्रे
९. बल्चौर देखी कटासे जाने सडक कालोपत्रे
१०.वडा नं. ५ नर्मदा नगर स्वास्थ्य केन्द्रमा प्रसुती सहितको अधुरो भवन निर्माण
११.वडा नं. ७ बामनपुर सडकको दुबैतिर नाला निर्माण सहित सडक स्तरोन्नती
१२.वडा नं. ८ नर बहादुरको घरदेखि बचैला गुरु सरको घरसम्म सडक कालोपत्र

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिका को कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१३.वडा नं. ९ प्रतापपुर हाटबजार टहरा निर्माण
१४.खमरिया मन्दिर निर्माण लम्कीचुहा वडा नं. ९
१५.वडा नं.९ खमरिया र सुतैया जोड्ने पक्की पुल
१६.रिठाईताललाई पर्यटकिय क्षेत्रमा विकास वडा नं. १
१७.वडा नं. १ ग्याङ्टिफाँटलाई पर्यटकिय क्षेत्रमा विकास
१८.पञ्चकोशी यूवा क्लव खेल मैदान निर्माण तथा भवन निर्माण वडा नं. १
१९.वडा नं. १ दिपज्योती तारु कल्याण समाजको अधुरो भवन निर्माण
२०.लम्कीचुहा हाटबजारका लागि दुध डेरी, मासु पसलका लागि ५ कोठे भवन निर्माण वडा नं. १
२१.राजीपुर स्पोर्ट क्लवका लागि २ कोठे भवन निर्माण वडा नं. १
२२.राजीपुर कालिका मन्दिर नजिक रहेको जेष्ठ नागरिकको अधुरो भवन निर्माण वडा नं. १
२३.बिरेन्द्र सामुदायिक वनको अफिस देखि उत्तर कल्भर्ट निर्माण वडा नं. २
२४.गणेशपुर मन्दिर नजिक योग तथा सेराजिन भवन निर्माण वडा नं. २
२५.राधास्वामी सत्संग व्यासमा ४ ईन्चको बोरिङ निर्माण वडा नं. २
२६.गणेशपुर सन्त निरङ्कारी भवनको घेरा पर्खाल निर्माण वडा नं. २
२७.वडा नं. २ ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयको अधुरो भवन निर्माण
२८.कालिका मन्दिर निर्माण भरत रावलको घर नजिक वडा नं. ३
२९.चिसापानी खानेपानी आयोजना डिप बोरिङ्ग र ट्याङ्की निर्माण वडा नं. ३
३०.चिसापानी अधुरो शिव मन्दिर निर्माण वडा नं. ३
३१.खरौलापुल देखि उत्तर वडा नं. २ को सिमाना जोड्ने कल्भर्ट सहित २ कि.मी. तटबन्धन वडा नं. ४
३२.बौद्द गुम्बा खानेपानी टंकी निर्माण र पाईपलाई विस्तार वडा नं. ४
३३.बलिया खानेपानी पाईपलाईन बिस्तार र रिजर्भर ट्याङ्की निर्माण वडा नं. ४
३४.खल्ला खेल मैदान निर्माण वडा नं. ४
३५.गिधिनिया राम मन्दिर र सामुदायिक भवन निर्माण वडा नं. ४
३६.चौरी नदिमा ४ र ६ नं. वडा जोड्ने झोलुङ्गे पुल वडा नं. ४
३७.वडा कार्यालय भवनमा ट्रस निर्माण र वडा कार्यालयको मैदान मर्मत तथा सम्भार वडा नं. ५
३८.कान्छीबजार झोलुङ्गे पुल नजिक तटबन्धन वडा नं. ५
३९.वडा नं. ५ र १ मा रहेको नर्मदा सामुदायिक बनमा बालबालिका तथा वृद्दका लागि पार्क निर्माण वडा नं. ५
४०.सेतुराम चौधरीको घर देखि दक्षिण दिपेन्द्र स्वारको घरसम्म चोरी नदिमा तटबन्धन वडा नं. ६
४१.पिपरकोटी खेलमैदानमा काडेतार घेरपर्खाल निर्माण वडा नं. ६
४२.कर्बला खेमैदानमा घेरपर्खाल निर्माण वडा नम. ६

४३.बाघमारा खानेपानीको ३ कोठे पक्की भवन निर्माण वडा नं. ६

४४.हरदहनी मुक्त कमैया बाल बिद्या मन्दिरका लागि ४ कोठे पक्की भवन वडा नं. ७

४५.बावनपुर सडकको दुबैतिर नाला निर्माण सहित सडक स्तरोन्नती वडा नं. ७

४६.आधारभुत स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर निर्माण वडा नं. ७

४७.खरोला गरंजा टोलको दक्षिणपट्टी खोलामा पुल निर्माण वडा नं. ७

४८.खरोलामा खोपकेन्द्र भवन निर्माण वडा नं. ७

४९.चाकावाडी शिव मन्दिरको अधुरो भवन निर्माण वडा नं. ७

५०.झंकर खड्काको घरदेखि वडा कार्यालय हुँदै बचैला जाने पक्की सडक र नाला निर्माण वडा नं. ८

५१.मलभंगा गाउँमा किसानका लागि सार्वजनिक भवन निर्माण वडा नं. ८

५२.नव दुर्गा मा.वि. मलभंगामा शौचालय निर्माण वडा नं. ८

५३.मलभंगा गाउँमा दुर्गा देवीको मन्दिर निर्माण वडा नं. ८

५४.चुहा स्वास्थ्य चौकीमा भवन निर्माण तथा घेरपर्खाल निर्माण वडा नं. १०

५५.तिघरी गाउँघर क्लिनिक तथा सामुदायिक भवन निर्माण वडा नं. १०

५६.चुहा शिव मन्दिरमा सन्त निवास भवन निर्माण वडा नं. १०

५७.थारु सांस्कृतिक संग्रहालय निर्माण वडा नं. १०

**प्रस्ताव नं. २६ योजना माग गर्ने सम्बन्धमा।**

निर्णय नं. २६ प्रस्ताव नं. २६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १ मा रहेको कालिका मा.वि. भुरुवा शिशु कक्षा देखी १० कक्षा सम्म लगभग १००० जना विद्यार्थीहरु अध्ययन गरिरहेकोमा विद्यार्थीको चाप अनुसारको भवन अभाव रहेको कारण १८ कोठाको ३ तले पक्की आधुनिक भवन निर्माणका लागि नेपाल स्थित भारतीय राजदुतावास, काठमाडौँसंग उक्त भवन माग गर्ने गरि कुल लागत अनुमानको २० प्रतिशत यस नगरपालिकाद्वारा साझेदारी गर्ने प्रतिबद्दता सहित सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २७ योजनाका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. २७ प्रस्ताव नं. २७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ९ मा हाटबजार निर्माण गर्नका लागि गुलरा-प्रतापपुर सडक संग जोडिएको प्रतापपुर बजारको उत्तरपट्टी रहेको करिब १२ कठ्ठा सार्वजनिक ऐलानी जग्गा उपलब्ध गराई हाटबजार निर्माणका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. २८ प्रारम्भिक वातावरणीय परिक्षण गर्ने सम्बन्धमा।**

निर्णय नं. २८ प्रस्ताव नं. २८ माथि छलफल गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लम्कीचुहा नगरपालिकामा ट्रमा सेन्टर निर्माणका लागि रकम विनियोजन भएकोमा, लम्कीचुहा नगरपालिकामा ट्रमा सेन्टर निर्माणका लागि विनियोजित रकममा रहि ट्रमा सेन्टर निर्माणका लागि नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभाग संघिय आयोजना कार्यान्वयन इकाई धनगढी, कैलालीबाट मिति २०७९ साल कार्तिक २९ गते ५० बेड क्षमताको ट्रमा सेन्टर निर्माणका लागि कम्तिमा २२ कठ्ठा जग्गा उपलब्ध गराउनका लागि पत्र प्राप्त भएकोमा लम्कीचुहा नगरपालिका वडा नं. १ स्थित श्री शहिद स्मृति मा.वि. संगै जोडीएको करिब ५ हेक्टर जग्गा उपलब्ध गराउने नगर कार्यपालिकाको मिति २०७९।१०।२० को निर्णय, उक्त जग्गामा ५० बेड क्षमताको ट्रमा सेन्टर निर्माणका लागि लम्कीचुहा नगरपालिका प्रस्तावक रहने गरि प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने भएकाले प्रारम्भिक वातावरणीय परिक्षणका लागि तयार मापदण्ड स्वीकृत गरि सोही बमोजिम आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार समपुर कोषबाट रु. १० (दश) लाखमा नबढ्ने गरि ट्रमा सेन्टर निर्माणको प्रारम्भिक वातावरणीय परिक्षण गर्ने/गराउने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

लम्कीचुहा नगरपालिका नगर कार्यपालिका को कार्यालय भज्नी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रमाणित।